
# प्रदेश-४ सरकारको सञ्चार नीति-२०७५ को मस्यौदामाथि



फ्रिडम फोरमको टिप्पणी

## प्रदेश-४ सरकारको सञ्चार नीति-२०७५ को मस्यौदामाथि
## फ्रिडम फोरमको टिप्पणी

प्रदेशभित्र आमसञ्चार क्षेत्रको विकास तथा प्रवर्द्धनका उद्देश्यले प्रदेश ४ को आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा गठित मस्यौदा समितिले सिफारिस गरेअनुरूप प्रदेश सरकारद्वारा प्रदेश सञ्चार नीति-२०७५ को मस्यौदा जानकारीमा आएको छ ।

प्रदेश नं. ४ का नागरिकको सुसूचित हुन पाउने अधिकार र अभिव्यक्ति स्वतन्त्रता प्रत्याभूत गर्न बनेको यस नीतिको मस्यौदा सार्वजनिक गरिनु सह्रानीय छ । यस नीतिलाई प्रदेश आमसञ्चार नीतिका उद्देश्य, आधारभूत नीति, विषयगत नीति जस्ता शीर्षकमा विभाजन गरिएको छ । विषयगत नीति अन्तर्गत प्रसारण सेवा, प्रदेश प्रसारण बोर्ड, निजी एवं व्यापारिक प्रसारण, सामुदायिक प्रसारण, सूचना बैंक, छापा सञ्चारमाध्य, अनलाइन मिडिया, चलचित्र, विज्ञापन, टेलिभिजन सिग्नल र केवुल वितरकसम्बन्धी व्यवस्थाहरू समावेश गराई विस्तृत गरिएको छ ।

**मस्यौदा ४ खण्डमा उल्लेखित छ । जसमा उद्देश्य, आधारभूत नीति, विषयगत नीति र विविध खण्ड रहेको छ ।**

नेपालमा आम सञ्चार कानूनको विकास र प्रवर्द्धन गर्न एक दशकभन्दा बढी समयदेखि काम गर्दै अएको संस्थाको हैसियतले **फ्रिडम फोरम**ले प्रदेश ४ द्वारा प्रस्तावित प्रदेश सञ्चार नीतिमाथि एक समीक्षापत्र बनाएको छ र यसको उद्देश्य उक्त नीतिमा रहेका प्रावधानहरू नेपालको संविधानले सुनिश्चित गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, सञ्चारको हक आदि अधिकारहरूसँग कुन हदसम्म सम्बन्धित छन्, भन्ने विश्लेषण गरी यसको सुधारका लागि सम्वद्ध सरकारलाई सुझाव दिनु हो ।

(**क**) यस नीतिको प्रस्तावना र उद्देश्यमा थुप्रै अस्पष्ट शब्द तथा वाक्यांशहरू राखिएका छन् जसले कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई असिमित व्याख्याको अधिकार प्रदान गर्दछ र नीतिको दुरूपयोग हुनसक्ने सम्भावनालाई व्यापक बनाउँछ ।

*जस्तै : नीतिको उद्देश्य नं १ 'स्वच्छ, निष्पक्ष, लोकतान्त्रिक मान्यतामा आधारित आत्मनिर्भर, जवाफदेही र उत्तरदायी आमसञ्चार' र उद्देश्य नं ४ मा 'गुणस्तर वृद्धि गरी जिम्मेवार, उत्तरदायी, मर्यादित र विश्वसनीय बनाउने'* जस्ता विभिन्न शब्दले कानूनी व्याख्यालाई असीमित दायरा दिने सम्भावाना बढ्छ । त्यसैले यस्ता शब्दहरूलाई हटाई व्याख्या गर्न सजिलो र दोहोरो अर्थ नलाग्ने शब्द नीतिको उद्देश्यमा राख्न जरुरी देखिन्छ ।

**ख**) १.९ मा लेखिएअनुसार इन्टरनेट प्रणाली दुरूपयोग नियन्त्रण गर्ने भन्ने प्रावधानले इन्टरनेटलाई नियन्त्रण गर्नुपर्ने वस्तुका रूपमा लिएको देखाउँछ । प्रदेश नीति इन्टरनेट नियन्त्रणमुखी नभई इन्टरनेट प्रयोगबाट हुने खतराको पक्षमात्र न्यूनीकरण गर्नेतर्फ उद्देश्यमुखी हुन जरुरी छ ।

**ग**) २.२ मा रहेको व्यवस्थाअनुसार *प्रदेश सरकारी सञ्चार माध्यमहरूको स्थापना र क्षमता विकासमा जोड दिइनेछ* भन्ने उल्लेख छ । प्रादेशिक सरकारले नयाँ सरकारी सञ्चार माध्यमको स्थापना गर्न खोज्नु लोकतान्त्रिक सरकारको मान्यता अनुकूल देखिँदैन, बरु प्रदेश स्तरमा सार्वजनिक प्रशारण माध्यमहरू सञ्चालन गर्ने र निजी क्षेत्रलाई व्यवसायिक गुणस्तरीयता भएका आमसञ्चार माध्यमहरू स्थापना गर्न प्रोत्साहन गर्ने र सञ्चारकर्मीको क्षमता विकासमा जोड दिन अग्रसर हुने खालको नीति उपयुक्त हुनसक्छ ।

**घ**) २.३ मा उल्लेखित *'प्रादेशिक आर्थिक सामाजिक-राजनीतिक संवेदनशीलतामा नकारात्मक प्रभाव नपर्ने गरी सञ्चार माध्यमहरूले प्रवाह गर्ने विषयवस्तुमा स्वनियमनका आधारमा पूर्ण स्वतन्त्रता हुने'* भन्ने वाक्यले नीतिको व्याख्या गर्ने दायरा फराकिलो बनाएको छ। यस नीतिलाई कार्यान्वयन गर्न बनाइने ऐन तथा संस्थागत व्यवस्थाहरूमा माथि उल्लिखित संवेदनशीलताका क्षेत्रहरू कसरी स्पष्ट गर्ने भन्ने कुरामा स्पष्टता छैन। के कुराले गर्दा संवेदनशीलतामा नकारात्मक प्रभाव पर्छ र के कुरालाई नकारात्मक प्रभाव मान्ने हो सो कुराको स्पष्ट व्याख्या हुन जरुरी देखिन्छ।

**ङ**) २.४ मा *'प्रदेशभित्र सञ्चालन हुने छापाखाना र प्रशारणका माध्यममा कार्यरत जनशक्तिको योग्यता र क्षमता निर्धारण गरी आमसञ्चार माध्यमका विषयबस्तुलाई गुणस्तरीय, विश्वासनीय र जवाफदेही बनाइनेछ'* भन्ने प्रावधान रहेको छ। छापाखाना र प्रशारण माध्यममा कार्यरत पत्रकारहरूको योग्यता र क्षमता निर्धारण कसले गर्ने हो र कसलाई योग्य र कसलाई अयोग्य मान्ने हो र के आधारमा निर्धारण गरिने हो, सो कुरामा स्पष्टता चाहिन्छ। सरकारले पत्रकारको योग्यता र क्षमता निर्धारण गर्नुभन्दा उनीहरूको व्यवसायिक क्षमता वृद्धि गर्नलाई आम सञ्चार नीतिले प्राथमिकता दिँदा लोकतान्त्रिक मान्यता अनुकुल हुनसक्छ। सरकारले को पत्रकार हुनसक्छ र हुन सक्दैन भनेर नीति बनाउन उचित हुँदैन । आमसञ्चार माध्यमहरूले आफ्नो आवश्यक्ताका आधारमा सो कुरा निर्धारण गर्ने पक्ष हो।

**च**) २.६ मा भएको व्यवस्था अनुसार *'आम सञ्चार माध्यमहरूको वर्गीकरण गर्दा साना, मझौला र ठूला आम सञ्चार माध्यमका रूपमा वर्गीकरण गरी सेवा र व्यवसायिक आधारमा शर्त र सहुलियत किटान गरिने'* जस्तो वर्गीकरण निष्पक्ष हुने र त्यसबाट स्वच्छ र प्रतिष्पर्धात्मक विकासमा भन्दा आफ्नो अधिनमा लिने खतराको प्रभाव बढ्न सक्छ। त्यसैगरी शर्त र सहुलियत किटान गर्दा सेवाको शर्त के हुने, त्यसको पनि विश्लेषण हुन जरुरी छ। त्यस्ता शर्तहरूले सम्पादकीय स्वतन्त्रतालाई कुनै पनि नकारात्मक प्रभाव नपर्ने सुनिश्चिता हुनुपर्दछ।
**छ**) २.८ मा उल्लेखित *'प्रदेशिक आमसञ्चार माध्यममा प्रदेशभित्रका स्थायी नागरिकलाई मात्र पत्रकार एवं कर्मचारी बन्न प्रोत्साहन'* दिने व्यवस्था आपत्तिजनक छ। आफू सोही प्रदेशका स्थायी नागरिक जो हाल कार्यरत हुन उनीहरूलाई मात्र प्रोत्साहन दिने धारणा झन विवादस्पद हुनसक्छ।

यसरी प्रदेश नीति र कार्यक्रममै सरकारले प्रदेश नागरिक छुट्टयाउने र सो प्रदेशको नागरिकलाई मात्रै नागरिक अधिकार अभ्यास गर्न तथा रोजगारी लगायतको सुविधा उपलब्ध गराउने कार्यले प्रदेश/प्रदेशबीच द्वन्द्व बढ्ने र नेपाली नागरिकबीच झैझगडा उत्पन्न गराउन सक्छ। साथै राष्ट्रको सार्वभौमिकता खण्डित गराउन प्रोत्साहन पुग्दछ। नेपाली नागरिकबीच विभेद हुने जस्तो व्यवस्था नीतिमा पर्नु खतरनाक हो।

**ज**) नीतिको ३.१.१ मा फ्रिक्वेन्सी वितरणको सर्त र व्यवस्थाहरूको बारेमा व्यवस्था रहेको छ। तर नेपालको संविधानको अनुसूची ५ को विषय ८ अनुसार फ्रिक्वेन्सी वितरण प्रदेश सरकारको अधिकारक्षेत्र नभई संघको अधिकारमा वर्गीकरण भएको छ। ***यसरी संविधानद्वारानै छुट्याइएको संघ र प्रदेशको अधिकारलाई विचार नगरी नीतिमा समावेश गरिनु आपत्तिजनक छ र संविधानविपरीत पनि देखिन्छ।***

**झ**) नीतिको ३.५ मा सूचना बैंक स्थापना गर्ने प्रावधान उल्लेख छ। सो प्रावधानअन्तर्गतका दुई उपदफा ३.५.१ र ३.५.२ एक आपसमा बाझिने किसिमका छन।

३.५.१ मा प्रदेशभित्र भएका घटनाहरूलाई सूचना तथा समाचारका रूपमा संकलन गरी सञ्चार माध्यमहरूलाई उपलब्ध गराउने गरी व्यावसायिक प्रयोजनका लागि समाचार संस्था स्थापना गर्न नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ भनेर व्यवस्था मिलाइएको छ भने ३.५.२ मा रहेको प्रावधानअनुसार प्रदेश प्रशारण

बोर्ड मातहत रहेका प्रशारण माध्यममा प्राप्त हुन आएका सूचना एवं समाचारहरूको उपयोग गरी प्रदेश सरकारले समाचार संस्थाका रूपमा विकास गर्ने र निजी सञ्चार माध्यमहरूलाई उपलब्ध गराउन सक्ने भन्ने व्यवस्था छ। माथिको दफामा नीजि क्षेत्रलाई सरकारले प्रोत्साहन गर्ने देखिएता पनि ३.५.२ मा फेरी प्रदेश सरकारले समाचार संस्थाको परिकल्पना गरेको छ। यसरी एउटै दफामा एक आपसमा बाझिने प्रावधानले नीतिको उद्देश्यलाई अस्पष्ट बनाउँछ।

ञ) नीतिको ३.३ मा रहेको निजी एवं व्यापारिक प्रसारणको व्यवस्था अन्तर्गत ३.३.३ उपदफामा *'एफ.एम रेडियोको नेटवर्किङ मार्फत हुने प्रशारणका कारण प्रदेशभित्रका भाषा, संस्कृति र रहन सहनमा पर्न सक्ने नकारात्मक प्रभाव रोकथाम एवं न्यूनीकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व अनिवार्यरूपमा प्रदेश सरकारबाट अनुमति लिनुपर्ने'* भन्ने व्यवस्था रहेको छ।

यस प्रावधानलाई विचार गर्दा प्रदेश ४ ले हरेक नेटवर्किङ वा रिले प्रसारणलाई भाषा र संस्कृतिमा नकारात्मक प्रभाव पर्न सक्ने भन्दै रोक लगाउन सक्छ। त्यसरी प्रदेश सरकार आफैंले प्रभाव व्याख्या गरी नागरिकलाई सूचनाबाट वञ्चित राख्न सक्छ र यस किसिमका प्रावधानले अरू प्रदेश र संघको प्रसारण संस्थाहरूमा रोक लगाउँदै अरू प्रदेश र संघका प्रशारकका कार्यक्रमले प्रदेश ४ को भाषा र संस्कृतिमा नकारात्मक प्रभाव पर्ने नपार्ने कसरी मापन गर्ने भन्ने विषयमा पनि समस्या हुन सक्छ। त्यसैले यसरी प्रदेश-प्रदेश सरकारबीच असहिष्णुता सिर्जना हुन सक्ने साथै नेपालका सबै भू-भागमा पहुँच पुऱ्याउन पाउने प्रशारकहरूको आधारभूत अधिकारलाई वञ्चित पनि गदर्छ। यो संविधानप्रदत्त अधिकारलाई सीमित गराउने सोच मस्यौदा नीतिमा झल्कनु राम्रो होइन।

**ट**) नीतिको दफा ३.७ मा अनलाइन मिडियासम्बन्धी व्यवस्था गरिएको छ। ३.७.१ मा *'समाचारमूलक अनलाइन माध्यमलाई वर्गीकरण गरी अन्य समाचार माध्यमसरह सुविधा र नियमनको व्यवस्था मिलाइनेछ'* भन्ने प्रावधान राखिएको छ। समाचारमूलक अनलाइन माध्यमलाई अन्य समाचार माध्यमसरह सुविधा र नियमनको व्यवस्था मिलाइनु सकारात्मक कदम हो तर अनलाइन माध्यमलाई वर्गीकरण के आधारमा कसले गर्ने हो सो कुरा स्पष्ट पार्न जरुरी छ। साथै सरकार तहको नियमनभन्दा स्वनियमन लाई प्रवर्द्धन गर्ने र इन्टरनेटको पहुँचमा आमसञ्चारका कन्टेन्टहरू प्रवाह हुने अवसरलाई प्रवर्द्धन गर्ने नीति हुनुपर्नेमा यसको विपरीत अनलाइन मिडियालाई थप नियमनमार्फत नियन्त्रण गर्न खोजेको देखिन्छ।

**अन्तमा,**

सामान्यः भाषागत त्रुटिहरूले पनि संवैधानिक प्रत्याभूति गरिएका मौलिकहकहरूमा असर पर्न जाने भएकाले र यस नीतिका आधारमा बन्ने प्रदेश कानून र प्रदेश सरकारका कार्यक्रमहरू संविधानविपरीत हुनसक्ने तथा नीति कार्यान्वयन गर्ने अधिकारीहरूलाई व्याख्याको असीमित आधार प्रदान गर्ने एवं गलत दिशाबोध हुन सक्ने हुनाले माथि विश्लेषण गरिएका त्रुटिहरू सच्चयाई मस्यौदालाई सुधार गरी जारी गर्न आवश्यक देखिन्छ।